# नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं।
फोन नं: ०१-४२००५११

प सं: ०७५/०७६
च नं: ३२५

मिति: २०७५।९।१२

श्री स्थानीय तह, सबै ।

विषय: स्थानीय तहको शिक्षा सम्बन्धी अधिकारको प्रयोग सम्बन्धमा ।

नेपालको संविधानमा स्थानीय तहको एकल अधिकार सूची अन्तर्गत अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षाको विषय उल्लेख भएको तथा अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची अन्तर्गत शिक्षा खेलकूद र पत्रपत्रिका भन्ने विषय रहेको छ । यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड ज मा गाउँपालिका र नगरपालिकाको आधारभूत र माध्यमिक शिक्षा अन्तर्गतका काम, कर्तव्य र अधिकार उल्लेख भएको छ । शिक्षा सम्बन्धी अधिकार नेपालको संविधानको अनुसूची ८ र ९ दुवैमा रहेको देखिएकोले शिक्षा सम्बन्धी अधिकार संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत पर्ने देखिन्छ । साझा अधिकारको विषयमा कानून बनाउने सम्दर्भमा, नेपालको संविधानको धारा ५७ को उपधारा (६) मा साझा अधिकारको विषयमा प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ भन्ने व्यवस्था रहेकोछ ।

उल्लिखित संवैधानिक तथा कानूनी प्रावधान रहेको अवस्थामा स्थानीय तहबाट शिक्षा सम्बन्धी कानून तर्जुमा गर्दा संघ तथा प्रदेश कानूनसँग नबाझिने गरी तर्जुमा गर्नुपर्ने हुन्छ । हाल नेपाल सरकारबाट शिक्षा सम्बन्धी संघीय कानून तर्जुमाको प्रकृयामा रहेको हुँदा स्थानीय तहबाट शिक्षा सम्बन्धी कानून तर्जुमा गर्दा संघीय सरकारको समन्वयमा मात्र गर्ने व्यवस्था मिलाउनु हुन र नेपाल सरकारबाट नियुक्त भएका शिक्षक तथा सामुदायिक विद्यालयहरुको व्यवस्थापन र समग्र शिक्षा प्रणालीसँग सम्बन्धित विषयमा उठेका सवालहरुको सहजीकरण गर्दा नेपाल सरकारसँग समन्वय गर्नु हुन नेपाल सरकार माननीय मन्त्रिस्तरको मिति २०७५।९।१२ को निर्णयानुसार अनुरोध छ ।

९।१२

बोधार्थ
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिहरबार ।:त्यहाँको च नं २३८ मिति २०७५।८।२६ को पत्रको सम्बन्धमा ।
श्री सूचना तथा प्रविधि शाखा: वेभसाइटमा अपलोड गरिदिनु हुन ।